आज मिति २०८३ बेशाख १७ गते बिहीबारका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख **श्री कालुमान लामा**को अध्यक्षतामा तपसिल बमोजिमको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको उपस्थितिमा चालू आर्थिक वर्ष २०८२/०८३ को **चौधौँ** नगर कार्यपालिका बैठक बसी निम्नानुसारको निर्णय गरियो-

## उपस्थिति

| क्र. स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | |
| २ | श्री मणिका देवी दुलाल | नगर उपप्रमुख | |
| ३ | श्री सिताराम राई | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री हरिबहादुर खड्का | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री पर्शुराम राई | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री लुङ्गाराज राई | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री तुलसीराम ढकाल | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री अम्बरबहादुर खड्का | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री भगनाथकुमार मगर | ८ नं. वडा अध्यक्ष | |
| १० | श्री प्रकाश राउत | ९ नं. वडा अध्यक्ष | |
| ११ | श्री धर्मेन्द कुमार खड्का | १० नं. वडा अध्यक्ष | |
| १२ | श्री बलराम मगर | ७ नं. कार्यवाहक वडा अध्यक्ष | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री जयकुमार राई | कार्यपालिका सदस्य | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य | |
| १८ | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य | |
| २१ | श्री काजीमान राई | सचिव | |

आमन्त्रीत:

श्री किशोर ताम्राकार - नगर योजना उपाध्यक्ष

CamScanner

Sangam®

प्रस्तावहरुः

१. आ. ब. २०८२/०८३ को तेह्रौं कार्यपालिका बैठकको कार्यान्वन समिक्षा सम्वन्धमा।

२. वडा नं ४ र ९ को कालोपत्रे बाटोको प्रिमिक्स घटाउने सम्बन्धमा।

३. समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता रिक्त पदको दरखास्तको लागि विज्ञापन गर्ने सम्बन्धमा ।

४. किराँत राईहरुको चुलाघर निर्माणमा थप रकम माग सम्बन्धमा।

५. स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण रकम सम्बन्धमा।

६ विपद आर्थिक सहायता (आगलागी) सम्बन्धमा।

७. विविध सहायता (आर्थिक सहायता, जस्ता पाता, च्यापकटर) सम्बन्धमा।

८.अव्यबस्थित जग्गाको अस्थायी भोगाधिकार प्रमाणपत्र वितरण सम्बन्धी कार्यविधी,२०८३ स्वीकृत सम्बन्धमा।

९. मासुका लागि पाडा प्रबर्द्दन कार्यक्रम सम्बन्धमा।

१०. भू- उपयोग योजनाको प्रतिबेदन सम्बन्धमा।

११. विविध सम्बन्धमा।

१२. आगामी बर्षको नीति तथा कार्यक्रम र बजेट तय गर्न कार्यतालिका स्वीकृत सम्बन्धमा।

१३. चौदण्डीगढी नगरपालिकाको शिक्षा नियमावली २०७९ को नियम ९ र ५९ संशोधन सम्बन्धमा।

१४. खानेपानी पाइप सम्बन्धमा

१५. सिंहदेवी मा. वि. चौ. न. पा. २ माडिबासमा ट्वाईलेट निर्माण सम्बन्धमा ।

१६ . चालु आ.व. को बजेट संशोधन सम्बन्धमा।

१७. चौ. न. पा. १ को कटरबोटे रानीटार बाटो मर्मत सम्बन्धमा।

१८. खोप कार्यक्रममा बाछो मरेको सम्बन्धमा।

१९. चौ. न. पा. को संगठन तथा व्यवस्थापन सर्बेक्षण सम्बन्धमा।

२०. ग्रावेल, ढुंगा गिट्टी उत्खनन IEE स्वीकृत सम्बन्धमा।

२१. चौदण्डीगढी नगरपालिका करार शिक्षक, कर्मचारी नियुक्ती सम्बन्धी कार्यविधि, २०८३ संशोधन सम्ब्धमा।

२२. आ. व. २०८३/०८४ को निति तथा कार्यक्रम सम्बन्धमा।

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिका को मिति २०८२ चैत्र २७ गते बसेको यस आर्थिक वर्ष २०८२/०८३ को तेरौँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रमअन्तर्गत Various Road Upgrade Work Of Chaudandigadhi Municipality (Package 1) को ठेक्का बन्दोबस्त गरी निर्माणको कार्य धमाधम भइरहेको छ । सुरु स्टमेट गर्ने क्रममा २० एम्.एम्. को प्रिमिक्स कालोपत्रेको कार्य हुनु पर्नेमा ३० एम्.एम्. को प्रिमिक्स कालोपत्रेको सम्झौता भएको, सडको लम्बाइ जति हुनु पर्ने थियो त्यति हुन नसकेको, कुनैकुनै खण्डमा जति चौडाइ हुनु पर्ने त्यति नभएको कारण वडा नम्बर ४ को सिफारिस, वडा नम्बर ९ को सिफारिस, निर्माण व्यवसायीको निवेदन, स्थानीय नागरिकको माग निवेदन र प्राविधिक प्रतिवेदनका आधारमा कूल सम्झौता रकममा व्ययभार थप नहुने गरी भेरिएशन आदेश जारी गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस नगरपालिका, कोशी प्रदेश सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेशन नेपालको त्रिपक्षीय साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमअन्तर्गत समुदायमा आधारित पुंनर्स्थापना सहजकर्ताको पदमा कार्यरत ३ जना सहजकर्तामध्ये उर्मिला राईले दिएको राजिनामा कार्यालयबाट स्वीकृत भइ मिति २०८३ बैशाख ४ गतेबाट रिक्त रहेको हुँदा सो रिक्त पदमा पदपूर्तीका लागि दरखास्त आव्हानका लागि विज्ञपिन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रलयमार्फत् चालू आर्थिक वर्ष २०८२/०८३ का लागि किराँत पुमा राईहरुको सामूहिक चुलाघर निर्माण गर्नक लागि प्राप्त भएको बजेटमार्फत् उक्त समुदायको माग वमोजिमको भवन निर्माण गर्नका लागि प्रचलित कानुनी व्यवस्थावमोजिम ठेक्का बन्दोबस्त गर्ने क्रममा १६ लाखमा ठेक्का बन्दोबस्तका लागि प्रस्ताव पेश भएको छ । बिनियोजित बजेट रु. **२०,००,०००/-** बजेटमा ठेक्का बन्दोबस्त भई **रु. ४००,०००/-** बजेट बाँकी रहन गएको हुँदा किराँत पुमा राई तुप्खा बाङ्खलाको मिति २०९३ बैशाख १६ गते कार्यालयमा दर्ता भएको माग निवेदनअनुसार सोही भवनमा गारो जडान, प्लाष्टर, रङरोगन, झ्यालढोकालगायतका बाँकी कार्य प्रचलित कानुनअनुसार गर्ने गराउने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ का लागि सङ्घीय सशर्त अनुदानअन्तर्गत **निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण** शीर्षकमा **रु. १,१०,००,०००/-** बजेट प्राप्त भएको थियो । सो बजेटमार्फत् दुईवटा विद्यालय निर्माणका लगि ठेक्का बन्दोबस्त गर्दा **रु. ३९,००,०००/-** बजेट बचत हुन गएकोमा कार्यपालिका बैठकको निर्णयानुसार **श्री जनविकास मा. वि. भिमा, चौदण्डीगढी नगरपालिका वडा नम्बर ९** विद्यालयको भवन निर्माण गर्नका लागि पुनः ठेक्का बन्दोबस्त गर्दा **रु. २८,१३,०००/-(मू. अ. कर, पि.एस्. र कन्टेन्जेन्सीसहित)** कवोल भएको र **रु. ११,५०,०००/-** बचत हुन गएको हुँदा बचत रकम **रु. ११,५०,०००/-** बाट विद्यालयको माग र आवश्यकताका आधारमा तपसिल वमोजिमको कार्य गर्ने गराउने निर्णय गरियो-

Sangam®

## तपशिल

क) श्री नारद आदर्श माध्यामिक विद्यालय, वडा नं ४ को अपुरो भवन निर्माण सम्पन्न गर्न रू. ५००,०००/-

ख) श्री शारदा मा. वि. वडा नं. १ को घेराबेरा गर्न रु. ४५०,०००/–

ग) श्री जन ज्योती आ. वि. वडा नं. ९ को घेराबेरा गर्न रु. २००,०००/-

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा यस नगरपालिका अन्तर्गरत वडा न. ७ बेल्टार बजारमा मिति २०८३।०१।०८ गते बिद्युत सर्ट भई दुई वटा घरमा आगलागी भई पुर्ण क्षती भएको र वडा कार्यालयबाट आर्थिक सहायताको लागि सिफारिस भई आएको हुँदा आगलागीमा परी मृत्यु हुने लक्ष्मी नारायण खड्का र पवन खड्काप्रती निजहरुको आत्माको चिर शान्ती तथा हार्दिक समबेदना प्रकट गर्दै विपत पिडितलाई तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र. सं. | विपत पिडितको नाम, ठेगाना | विपतको विबरण | निर्णय रकम रु. | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | पदम खड्का चौ. न. पा. -७ | आगलागी घर पुर्ण क्षती | २००,०००/- | विपद व्यबस्थापन कोष | |
| २ | रविन कुमार दास चौ. न.पा. -७ | आगलागी घर पुर्ण क्षती | २००,०००/- | विपद व्यबस्थापन कोष | |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न वडा कार्यालयबाट विपन्न नागरिक आर्थिक सहायता, विपत पिडित तथा विपन्न नागरिक घर मर्मत संभारको लागि जस्ता पाता, सिंचाईको लागि पानी तान्ने मोटर, कृषी पशुपालनको लागि च्यापकटर तथा अन्य आर्थिक सहायता उपलब्ध गराउन सिफारिस भई आएको हुँदा तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

क) विरामी आर्थिक सहायता

| क्र. सं. | विरामीको नाम ठेगाना | विमारी | निर्णय रकम रु. | भुक्तानी शिर्षक |
|---|---|---|---|---|
| १ | इन्द्र बहादुर बस्नेत चौ. न. पा. ६ | मानसिक समस्या | ३००००।- | अन्य सहायता |

ख) जस्तापाता सहायता

| क्र. सं. | नाम ठेगाना | | निर्णय जस्तापाता/रकम | भुक्तानी शिर्षक |
|---|---|---|---|---|
| १ | कवीराज राउत चौ. न. पा. -९ | विपन्न नागरिक | २.५ बण्डल जस्ता | कार्यालय सञ्चालन |
| २ | रन्जना निरौला चौ. न. पा.-५ | बिपत पिडित हावाले घर उडाएको | ३ बण्डल जस्ता र रु. १००००।- | विपद व्यबस्थापन |
| ३ | चन्द्रकला अधिकारी, चौ. न. पा. -७ | विपन्न नागरिक | ३ बन्डल जस्ता | कार्यालय सञ्चालन |
| ४ | मलारी कुमारी मुसहर चौ. न. पा.-९ | विपन्न नागरिक | २ बन्डल जस्ता | कार्यालय सञ्चालन |
| ५ | कुल बहादुर खड्का, चौ. न. पा. -४ | बिपत पिडित | ३ बन्डल जस्ता | विपद व्यबस्थापन |

| | | | | |
|---|---|---|---|---|
| | चौदण्डीगढी नगरपालिका वडा नम्बर -४ | हावाले घर उडाएको | | |
| ६. | विष्णु कुमार विश्वकर्मा, चौदण्डीगढी नगरपालिका वडा नम्बर -४ | विपन्न नागरिक | ३ बण्डल जस्तापाता | कार्यालय सञ्चालन |
| ७. | पार्वती भुजेल, चौदण्डीगढी नगरपालिका वडा नम्बर -६ | विपन्न नागरिक | ९ पाता जस्तापाता | कार्यालय सञ्चालन |

(ग) कुटी काट्ने मेसिन र अन्य

| क्र. सं. | नाम ठेगाना | सामान/ निर्णय रकम रु. | भुक्तानी शिर्षक |
|---|---|---|---|
| १. | घन श्याम गेलाल, चौ. न. पा. -२ | कुटी काट्ने मेसीन -१ थान | कार्यालय सञ्चालन |
| २. | कविता श्रेष्ठ (श्रेष्ठ बहुउद्देश्यीय कृषी तथा पशुपालन फर्म) चौ. न. पा. -२ | कुटी काट्ने मेसीन -१ थान | कार्यालय सञ्चालन |
| ३. | अन्जु राई, चौ. न. पा. १ | भलिबल १ थान<br>भलिबल नेट १ थान | विविध |

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस नगरपालिकाको कार्यालयका लागि आवश्यक रहेको अव्यवस्थित जग्गाको अस्थायी भोगाधिकार प्रमाणपत्र वितरणसम्बन्धी कार्यविधि, २०८३ लाई सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा पशु सेवा शाखामार्फत् मिति २०८३ बैशाख १६ गते प्राप्त भएको पत्रका आधारमा चालू आर्थिक वर्ष २०८२/०८३ का लागि सशर्त अनुदानतर्फ स्वीकृत मासुका लागि पाडा प्रवर्दन कार्यक्रमका लागि तपसिल वमोजिमका प्रस्तावकलाई छनवट गर्ने निर्णय गरियो-

**तपसिल**

| क्र. सं. | आवेदकको नाम | फर्मको नाम | ठेगाना |
|---|---|---|---|
| १. | चन्द्रबहादुर बस्नेत | रत्न बहुद्देश्यीय कृषी फर्म | चौदण्डीगढी नगरपालिका वडा नम्बर -५ |
| २. | जमुनादेवी थापा | जमुना बहुद्देश्यीय पशु तथा कृषी कृषी फर्म | चौदण्डीगढी नगरपालिका वडा नम्बर -९ |
| ३. | सन्तकुमार राई | रोदुङ पशुपंक्षी तथा बहुद्देश्यीय कृषी फर्म | चौदण्डीगढी नगरपालिका वडा नम्बर -८ |
| ४. | कविता श्रेष्ठ | श्रेष्ठ बहुद्देश्यीय कृषी तथा पशुपाल फर्म | चौदण्डीगढी नगरपालिका वडा नम्बर -२ |
| ५. | मानबहादुर राई | चाम्लिङ बहुद्देश्यीय पशुपंक्षी तथा कृषी फर्म | चौदण्डीगढी नगरपालिका वडा नम्बर -८ |
| ६. | हर्कबहादुर राई | कनान बहुद्देश्यीय पशुपंक्षी तथा कृषी फर्म | चौदण्डीगढी नगरपालिका वडा नम्बर -५ |

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा यस नगरपालिकाको उन्नाइसौँ नगर सभाबाट **भू-उपयोग योजना** तयार गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो । बिनियोजित बजेटबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्नका लागि कार्यालयमा सूचीकृत परामर्शदाता संस्थासँग तोकिएको समयभित्र कार्य सम्पन्न गर्ने गरी कायदिश दिइएको थियो । परामर्शदाता

कम्पनीहरुले द्विपक्षीय सम्झौताअनुसारको कार्य सम्पन्न गरी १/१ प्रति मस्यौदा प्रतिवेदन कार्यालयमा पेश गरेको थियो । पेश भएकी प्रतिवेदनहरु विभिन्न समयको कार्यपालिका बैठकमा छलफल भइ बैठकको निर्णयानुसार पुनः सार्वजनिक सूचना जारी गरी रायसुझावहरु सङ्कलन गरिएको थियो । जारी गरिएको सार्वजनिक सूचनाका आधारमा आएका सम्पूर्ण सुझाव उपर छलफल गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश गरेको छ ।
परामर्शदाता संस्थाले पेश भएको अन्तिम प्रतिवेदन पुनः आजको बैठकमा छलफल गर्दा स्वीकृत कार्यसूची, दिइएका सुझावहरु र प्रचलित कानुन वमोजिम नै तयार गरेको र नगरपालिकाको भू-उपयोग परिषद्लेसमेत पारित गरेको हुँदा पेश भएको अन्तिम प्रतिवेदनलाई स्वीकृत गरी सम्झौताअनासारको रकम परामर्शदाता संस्थालाई भुक्तानी दिने निर्णय गरियो ।

१८. **विविध**

(क) यस नगरपालिकाअन्तर्गरत वडा न. ७ बेल्टार बजारमा मिति २०८३।०१।०८ गते बिद्युत सर्ट भई दुई वटा घरमा आगलागी भई पूर्ण क्षती भएको र उक्त घरहरुको भग्नाबेश सरसफाई गर्न भाडाको जेसीवी लाई ५ घण्टा ३० मिनेट लागेको हुँदा उक्त कार्य गरेको रकम **रु. १७,०००।– विपद व्यबस्थापन** शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिकाअन्तर्गरत वडा न. ६ बेल्टार बजारमा लिङ्गेश्वर भजन कृतन मन्डलीले भजन कृतनका सामानहरु हारमोनियम, मादल, माइक सेट, झ्याली माग गरेको हुँदा रु. ३५,०००।– बराबरको सामाग्रीहरु नगरपालिकाको विनियोजित बजेट शीर्षक **विभिन्न जातीय चाडबाड, धर्म संस्कृती संरक्षण कार्यक्रम**बाट उपलब्ध गराउने निर्णय गरियो ।

(ग) श्री जनता माध्यामिक विद्यालय लुङ्गिनटार चौ. न. पा. -८ ले SEE सपोर्ट विशेष कक्षा मिति २०८२माघ १६ गतेदेखि चैत १६ गतेसम्म सञ्चालन गरेको र उक्त विशेष कक्षा कार्यक्रम गरे बापतको रकम **रु. ३०,०००।–** माग भई आएको हुँदा **अन्य सहायता** शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

(घ) यस नगरपालिकाको १८ औँ नगरसभाबाट लक्षित समुदाय कार्यक्रम सञ्चालन शीर्षकमा **रु. १०,००,०००/-** बजेट बिनियोजन भएको थियो । सो बजेटमध्येबाट नगरपालिकास्तरीय दलित समन्वय समितिको माग निवेदनका आधारमा रु. ६००,०००/- दलित लक्षित कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

(ङ) यस नगरपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत **04/CGM/Work/ 1s2e/082/083, Various road Upgrade work of Chaudandigadhi Municipality (Package 1** कार्यका लागि मिति **२०८२ चैत्र ३० गते**भित्रमा निर्माण कार्य सम्पन्न गर्ने गरी **ARISHA-HANS-MASANI J.V., Saptari** सँग सम्झौता भइ कायदिश दिइएको थियो । निर्माण व्यवसायीले तोकिएको मितिभित्रमा निर्माण कार्य सम्पन्न हुन नसक्ने जनाइ समयावधि थपका लागि कार्यालयमा निवेदन पेश गरेको हुँदा कार्यसम्पादन जमानतको समेत समयावधि थप गरी सार्वजनिक खरिद एन, २०६३ तथा नियमावली २०६४ मा भएको प्रावधान वमोजिम **मिति २०८३ जेष्ठ मसान्तसम्म** पहिलो पटकका लागि समयावधि थप गर्ने निर्णय गरियो ।

१९. प्रस्ताव नम्बर १७ उपर छलफल गर्दा यस नगरपालिकाको बीसौँ नगरसभाको वैठकबाट आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रम र बजेट पारित गर्नका लागि तपसिल वमोजिमको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो-

# चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बेल्टार, उदयपुर
### बीसौँ नगरसभाबाट आ. व. २०८३/०८४ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा
### समय तालिका

| क्र. सं. | क्रियाकलाप | मिति | समय | कार्यक्रम हुने स्थान | सहभागीहरु | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | २०८३ बैशाख २५ | ११ बजेदेखि | नगरपालिकाको कार्यालय | समितिका सदस्यहरु | योजना शाखा |
| २ | नीति तथा कार्यक्रम प्रस्तुतीकरण | २०८३ बेशाख २८ | ११ बजेदेखि | नगरपालिकाको कार्यालय | नगरसभा सदस्य तथा कर्मचारीहरु | प्रशासन |
| ३ | टोल/बस्तीस्तरको योजना छनौट | २०८३ बैशाख २८ बाट २०८३ जेष्ठ ६ गतेसम्म | ११ बजेदेखि | सम्बन्धित वडा कार्यालयले तोकेको स्थान | वडा अध्यक्ष तथा वडा सदस्यहरु, स्थानीइ राजनैतिक दल, स्थानीइ राजनीतिक दल, सङ्घसंस्थाहरु, सरकारी निकायहरु, निजी क्षेत्र, वडा सचिव, टोलविकास समितिका पदाधिकारीहरु, बालक्वहरु, महिला स्वास्थ्य स्वायम्सेविकाहरु आदि । | वडा समिति र वडा सचिव |
| ४ | वडा बैठकबाट नगरपालिकामार्फत् प्राप्त बजेट सिलिङअनुसारको योजना छनोट गरी नगरपालिकामा पेश गर्ने | २०८३ जेष्ठ १० | ११ बजेदेखि | सम्बन्धित वडा कार्यालय | सम्बन्धित वडा अध्यक्ष तथा वडा सदस्यहरु, सम्बन्धित वडाका कार्यपालिका सदस्यहरु, वडा सचिव तथा कर्मचारीहरु | वडा समिति |
| ५ | विषयगत समितिको बैठक | | | | | |
| | आर्थिक विकास समितिको बैठक | २०८३ जेष्ठ ११ गते | ११ बजेदेखि | नगरपालिकाको कार्यालय | विषयगत समितिका सदस्यहरु तथा आमन्त्रित | सम्बन्धित शाखाहरु |
| | सामाजिक विकास समितिको बेठक | २०८४ जेष्ठ ११ गते | २ बजेदेखि | नगरपालिकाको कार्यालय | विषयगत समितिका सदस्यहरु तथा आमन्त्रित | सम्बन्धित शाखाहरु |
| | बन, बातावरण तथा विपद व्यवस्थापन समितिको बैठक | २०८५ जेष्ठ १२ गते | ११ बजेदेखि | नगरपालिकाको कार्यालय | विषयगत समितिका सदस्यहरु तथा आमन्त्रित | सम्बन्धित शाखाहरु |
| | पूर्वाधार विकास समितिको बै७क | २०८६ जेष्ठ १२ गते | २ बजेदेखि | नगरपालिकाको कार्यालय | विषयगत समितिका सदस्यहरु तथा आमन्त्रित | सम्बन्धित शाखाहरु |
| | संस्थागत तथा सेवा प्रवाह समिति | २०८७ जेष्ठ १३ गते | ११ बजेदेखि | नगरपालिकाको कार्यालय | विषयगत समितिका सदस्यहरु तथा आमन्त्रित | सम्बन्धित शाखाहरु |
| | विधेयक समितिको बैठक | २०८८ जेष्ठ १३ गते | २ बजेदेखि | नगरपालिकाको कार्यालय | विषयगत समितिका सदस्यहरु तथा आमन्त्रित | सम्बन्धित शाखाहरु |
| ६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८३ असार ५ | ११ बजेदेखि | नगरपालिकाको कार्यालय | विषयगत समितिका सदस्यहरु तथा आमन्त्रित | योजना र प्रविधिक शाखा |
| ७ | नगर कार्यपालिका बैठक | २०८४ असार ७ | ११ बजेदेखि | नगरपालिकाको कार्यालय | कार्यपालिका सदस्यहरु | प्रशासन शाखा |
| ८ | नगरसभा बैठक | २०८३ असार ९ | ११ बजेदेखि | नगरपालिकाको कार्यालय | नगरसभा सदस्य तथा कर्मचारीहरु | प्रशासन शाखा |

१३. प्रस्ताव नं १३ माथि छलफल गर्दा चौदण्डीगढी नगरपालिकाको शिक्षा नियमावली २०७९ को नियम ९ र नियम ५९ मा तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपशिलः

| साविकको व्यवस्था | हुनु पर्ने | हटाईनु पर्ने कारण |
|---|---|---|
| चौदण्डीगढी नगरपालिकाको शिक्षा नियमावली २०७९<br>नियम (९) सामुदायिक विद्यालयको प्रधानअध्यापक विदामा वसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपुर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ट स्थायी शिक्षकले निमित्त प्रधानध्यापक भई काम गर्नेछ । शिक्षकको वरिष्टता निर्धारण गर्दा देहायका आधारमा गरिनेछः-<br>(क) सम्बन्धित तह र श्रेणिको स्थायी नियुक्ति मितिको आधारमा ।<br>(ख) खण्ड (क) को आधारमा वरिष्टता नछुट्टीएमा सो भन्दा तल्लो तह श्रेणीको स्थायी नियुक्तिको आधारमा ।<br>(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्टता नछुट्टीएमा सम्बन्धित तह र श्रेणिको अस्थायी नियुक्तिको आधारमा ,<br>(घ) खण्ड (क) , (ख ) र (ग) को आधारमा पनि वरिष्टता नछुट्टीएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा ,<br>तर खुला , कार्यक्षमता मुल्याङ्कन , आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशःकार्यक्षमता,आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिईनेछ । | (९) सामुदायिक विद्यालयको प्रधानअध्यापक विदामा वसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपुर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो तहको स्थायी शिक्षकहरु मध्ये वरिष्ट स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । शिक्षकको वरिष्टता देहायको आधारमा गर्न सकिन्छः-<br>(क) सम्बन्धित विद्यालयमा हाजिरीभएको हाजिरी मितिको आधारमा<br>(ख) खण्ड (क) को आधारमा वरिष्टता नछुट्टीएमा सम्बन्धित तह र श्रेणिको स्थायी नियुक्ति मितिको आधारमा ।<br>(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्टता नछुट्टीएमा सो भन्दा तल्लो तह वा श्रेणीको नियुक्तिको आधारमा<br>तर प्रधानअध्यापक नियुक्ति गर्दा सम्बन्धित शिक्षकको कार्यक्षमता , योग्यता र आन्तरिक प्रतियोगितालाई प्राथमिकता दिईनेछ । | सामुदायिक विद्यालयहरुमा योग्य सक्षम र नेतृत्व क्षमता भएका प्रधानअध्यापक नियुक्ति गरी सामुदायिक विद्यालयको गुणस्तर उकास्न । |

| साविकको व्यवस्था | हुनु पर्ने | हटाईनु पर्ने कारण |
|---|---|---|
| चौदण्डीगढी नगरपालिकाको शिक्षा नियमावली २०७९<br>५९.सरुवा सम्धी व्यवस्था<br>(२) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा तीन बर्ष सेवा पुरा नगरी सरुवा गरीनेछैन ।<br>तर कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ । | (२) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा पाँच बर्ष सेवा पुरा नगरी सरुवा गरीनेछैन र सरुवा भएका शिक्षकले सम्बन्धित विद्यालयमा एक शैक्षिक सत्रको अध्यापन पुरा गरे पश्चात निजको दरवन्दी सोहि विद्यालयमा कायम गरिनेछ ।<br>तर कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ । | दरवन्दी मिलान र व्यवस्थापन गरी विद्यालय प्रभावकारी रुपमा संचालन गर्न |

१४. प्रस्ताव नं १४ माथि छलफल गर्दा खानेपानी पाईपको लागि विभिन्न वडाबाट माग भई आएको हुँदा तपशिल बमोजिमको व्यक्ती/ संस्थालाई खानेपानी पाइप उपलब्ध गराउने निर्णय गरियो।

तपशिलः

क) कुल बहादुर कार्की चौ न पा- २ एच डि पि पाइप २५ mm को १००० मिटर

ख) रण बहादुर परियार चौ. न.पा. १० एच डि पि पाइप ४० mm को १०० मिटर

ग) झोडापाटा खानेपानी समिति चौ. न. पा. २ एच डि पि पाइप ५० mm को १०० मिटर

१५. प्रस्ताव नं १५ माथि छलफल गर्दा सिंहदेवी मा. वि. चौ. न. पा. २ माडिबासमा ट्वाईलेट निर्माण कार्यको लागि आबश्यक बजेट माग भई आएको र उक्त विद्यालयमा विद्यार्थीहरुको लागि खानेपानी व्यबस्थापन तथा शौचालय मर्मत संभार गर्न अती आबश्यक रहेको हुँदा नगरपालिकामा रहेको कन्टिजेन्सी रकम बाट भुक्तानी हुने गरी उक्त कार्यको लागि रु. १,३५,०००।– रकम उपलब्ध गराउने निर्णय गरियो।

१६. प्रस्ताव नं १६ माथि छलफल गर्दा चालु आ.व.को शिक्षा, युवा तथा खेलकुद शाखाबाट **स्थानीय पाठ्यक्रम सामाग्री निर्माण शिर्षकमा रु २,००,०००/-** रकम विनियोजन भएकोमा उक्त शिर्षकलाई तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो।

क) शिक्षक डायरी व्यबस्थापन – रु. १,००,०००/-

ख) शिक्षकहरुको लागि शैक्षिक सामाग्री व्यबस्थापन– रु. ५०,०००/-

ग) विद्यार्थीहरुलाई टिसर्ट वितरण - रू. ५०,०००/-

यसैगरी चालु आ.व. मा **सुख सागर महिला कृषी समूह चौ. न. पा. १०** को लागि रु २,००,०००/- रकम विनियोजन भएकोमा उक्त शिर्षकलाई **टेन्ट, कुर्सी, सिलिन्डर, भुईचुलो सामाग्री खरिद रु.** २,००,०००/ संशोधन गर्ने निर्णय गरियो।

माथी उल्लेख संशोधित शिर्षकहरुलाई आगामी नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

१७. प्रस्ताव नं १७ माथि छलफल गर्दा चौ. न. पा. १ को कटरबोटे- रानीटार बाटो मर्मत संभारको लागि चौ. न. पा. १ नं वडा कार्यालयबाट आवश्यक रकम माग भई आएको हुँदा उक्त बाटो मर्मत संभारको लागि विपद कोषबाट रु. १,००,०००/- उपलब्ध गराउने निर्णय गरियो।

१८. प्रस्ताव नं १८ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत पशु शाखाले खोरेत रोग बिरुद्द मिति २०८२।७।२७ गते खोप कार्यक्रम गर्दा यसै नगरपालिका अन्तर्गत ५ नं. वडा निवासी रामानन्द दास चौधरीको बाछो खोप लगाएको दिन नै मरेको हुँदा क्षती पुर्ति पाउँ भनी यस कार्यालयमा प्राप्त निबेदन सम्बन्धमा क्षतीपुर्ति बापत विपद कोषबाट रु. १०,०००।– रकम उपलब्ध गराउने निर्णय गरियो।

१९. प्रस्ताव नं. १९ माथि छलफल गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८३/०१/०२ को बैठकबाट स्वीकृत भएको संगठन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम यस चौदण्डीगढी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण ६० (साठ्ठी) दिनभित्र पुनरावलोकन गर्नुपर्ने भएको हुँदा सोही मापदण्डको दफा ५ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने भनी सर्व सम्मतिबाट निर्णय पारित गरियो ।

२०. प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नगरपालिकाको तपसिल वमोजिम बिबरण रहेको व्यक्तिको निजी नाममा दर्ता कायम रहेको जग्गालाई खेतीयोग्य जग्गामा परिणत गर्ने क्रममा निस्कने ग्रावेल, ढुङ्गा, गिट्टी तथा अन्य निर्माण सामग्रीलाई बेचविखन गर्न सकिने कानूनी व्यवस्था कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२को अनूसूची-६ मा रहेको छ । उल्लिखित व्यवस्था वमोजिम तपसिल वमोजिमका व्यक्तिहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२, वातावरण संरक्षण नियमावली २०७७ को दफा ७ को उपदफा ५ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको खण्ड (क) अन्तर्गत पर्ने अनुसूची -१० वमोजिम तयार भइ पेश हुन आएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन (IEE)लाई स्वीकृत गर्ने निर्णय गरियो-

**प्रस्तावकको नाम : मेशिया कन्स्ट्रक्सन, कन्चनपुर नगरपालिका -७, सप्तरी**

| क्र.सं. | वडा नम्बर | जग्गाधनीको नाम | कित्ता नम्बर | B.E.S/EE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ९५% (मि २) | औसत गहिराई (मी.) | मौजुदा परिमाण/ वर्ष (घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको ७०% (घ.मी.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ४ | धनबहादुर भुजेल | ७ क २४९ | ०-९-० | ज.बि. | ३०४७.६७ | १.३० | ३१६९.५८ | माटो/भरोट | २०६०.२२ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण बमोजिम दैनिक उत्खनन् गर्न सकिने परिमाण रहेको छ । उत्खननका लागि राजश्व शाखामा २०६०.२२ घनमिटरको नियमानुसार राजश्व दाखिला गरेपश्चात उत्खनन् अनुमति प्रदान गर्ने निर्णय गरियो ।

२१. प्रस्ताव नं. २१ माथि छलफल गर्दा चौदण्डीगढी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा रिक्त रहेको प्रारम्भिक बालविकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका सहजकर्ता, आधारभूत तथा माद्यामिक तहको अस्थायी करार, रात, शिक्षण अनुदान, मावि कक्षा ११/१२ दरवन्दि/अनुदान कोटा, प्राविधिक धारका शिक्षक, विद्यालय सहयोगी र विद्यालय कर्मचारी नियुक्तिका लागि नेपालको संविधान २०७२ को धारा २२६ ले दिएको प्रयोग गरी अनुसूची ८ को क्रमसङ्ख्या ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले दिएको अधिकार प्रयोग गरी चौदण्डीगढी नगरपालिका करार शिक्षक, कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८० लाई समयानुकूल बनाउन बाञ्छनीय भएकोले **चौदण्डीगढी नगरपालिका करार शिक्षक, कर्मचारी नियूक्तिसम्बन्धी कार्यबिधि - २०८३** मा देहायका दफाहरुमा थप तथा परिमार्जनका लागि प्रस्ताव गरिएको छ-

| साविकको व्यवस्था | संशोधन गर्नुपर्ने | कारण |
|---|---|---|
| (९) शिक्षक नियुक्ति गर्दा प्रचलित शिक्षा नियमावली अनुसार स्थायी अध्यापन अनुमति पत्र लिएको व्यक्तिहरु मध्येबाट छनौट गर्नु पर्नेछ । साथै सोका लागि सम्बन्धीत तहको नै स्थायी अध्यापन अनुमति पत्र अनिवार्य रुपमा लिएको हुनु पर्नेछ । तर माथिल्लो तहको अनुमति पत्र लिएकोले तल्लो तहको अनुमति पत्र लिइरहन पर्दैन ।<br>(क) प्रचलित कानुनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कक्षा ११ र १२ को शिक्षक नियुक्ति प्रक्रियाको लागि विद्यालयले पहिलो पटक प्रकाशित गरेको विज्ञापनको सूचनाअनुसार कुनै पनि उमेदबारको दरखास्त नपरेमा पुनः ७ दिनको विज्ञापनमा स्नातकोत्तर तह उतिर्ण गरेको व्यक्ति उक्त तहको सम्बन्धित बिषयमा करार वा निजि शिक्षक हुनका लागि अध्यापन अनुमतिपत्र प्राप्त नगरेको भएपनि यस प्रकारको विज्ञापनमा उमेद्वार हुन बाधा पर्ने छैन । | (१०) दफा ९ को उपदफा (क) बमोजिम नियुक्त भएको शिक्षकले नियुक्ति भएको मितिले २ बर्षभित्रमा सम्बन्धित तहको अध्यापन अनुमति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । | परिच्छेद - ३, दफा ९ (क) अनुसार नियुक्ति भएको शिक्षकले शिक्षा ऐन, २०२८ अनुसार अध्यापन अनुमति पत्र अनिवार्य भएको हुँदा । |

२९. प्रस्ताव नम्बर २९ उपर छलफल गर्दा आगामी आर्थिक वर्षका लागि नगरसभामार्फत् तपसिल वमोजिमको नीति तथा कार्यक्रम नगरसभाबाट पारित गरी सोही नीति तथा कार्यक्रमका आधारमा बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने निर्णय गरियो-

**ऐतिहासिक नगरी चौदण्डीगढी नगरपालिकाको सम्मानित २० औँ नगर सभामा उपस्थित,**
**यस नगरपालिकाका नगर उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु,**
**उपस्थित सभा सदस्यज्यूहरु,**
**नगर सभाका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**सञ्चारकर्मी तथा पत्रकारज्यूहरू,**
**यस नगरपालिकाअन्तर्गतका विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु,**
**साथै उपस्थित कर्मचारी मित्रहरु तथा महानुभावज्यूहरू**

अहिले हामी चौदण्डीगढी नगरपालिकाको २० औँ ऐतिहासिक नगर सभामा सहभागी भएका छौँ। आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यस सन्दर्भमा हर्ष महशुस गरेको छु। यस अवसरमा सर्वप्रथम हामीले अभ्यास गरिरहेको यो व्यवस्था स्थापनाका विभिन्न समय र कालखण्डमा महत्त्वपूर्ण वलिदानी गर्नुहुने सम्पूर्ण शहिदप्रति श्रद्धाभावसहित भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। नगर प्रमुखको हैसियतले यो अवसरमा सामान्य यस चौदण्डीगढी नगरपालिकाको परिचय गराउनु वाञ्छनीय ठान्दछु।

हाम्रो चौदण्डीगढी नगरपालिकाको उत्तरमा महाभारत पर्वत श्रृङ्खला र दक्षिणमा चुरे पहाडबीच फैलिएको छ। तराईको फाँटिलो उर्वर भूमी, पहाडी क्षेत्रको समशितोष्ण हावापानी भएको हुँदा तराईका फाँटमा प्रशस्त मात्रामा धान, मकै, गहुँ, कोदो, आँप, लिच्ची, केरा, तरकारी तथा उखुका साथै सुपाडी नरिवलजस्ता नगदे बालीको राम्रो उब्जनी हुन्छ भने उत्तर पहाडी भेगतर्फ कोदो, फापर, बेसार, अदुवा, कागती, आलुलगायतको राम्रो उत्पादन हुन्छ। यस नगर क्षेत्रमा मिश्रित समुदायको बसोबास रहेको छ। उत्तरबाट दक्षिण बहने खोलानाला, खहरे, खोल्सी तथा झरना यस क्षेत्रको महत्वपूर्ण सम्भावना र चुनौती दुवैको रुपमा रहेको छ। २८३.७८ वर्ग कि.मि. क्षेत्रफलभित्र फैलिएको यस नगरमा राष्ट्रिय जनगणना, २०७८ अनुसार ५३,६३१ जनसङ्ख्या मापन गरिएकोमा हाल यो सङ्ख्या बढेर करिब ६५ हजार पुगेको अनुमान गर्न सकिन्छ। यस नंगरपालिका क्षेत्रभित्र प्रशस्त धार्मिक तथा ऐतिहासिक र सौन्दर्यले भरिपूर्ण स्थलहरु रहेको छ।

हाम्रो नगरको उल्लेखित भूगोलको आकार र जनसङ्ख्याको क्षेत्र समेटेर सकेसम्म जनताका प्राथमिकता र अति आवश्यक कामहरू नीति तथा कार्यक्रममा समेट्ने प्रयास गरेको छु। बजेटको सिमित उपलब्धताका वाबजुत पनि सकेसम्म जनमुखी काम गर्नु पर्दछ भन्ने नै मेरो मुख्य ध्येय हो। चौदण्डीगढीको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा विगतका हरेक आर्थिक वर्षमा फरक-फरक क्षेत्रलाई प्राथमिकता दिए झैँ आ. व. २०८३/८४ लाई भने **स्वच्छ खानेपानी, स्वस्थ जीवन-नगरको अभियान** भन्ने नाराका साथ खानेपानी वर्ष मनाउने उद्देश्य लिएको छु। त्यसैगरी **एक टोल विकास एक योजना** सुनिश्चितता गर्न १० वटै वडाका २०६ टोल विकास संस्थामा घरदैलो अभियान सञ्चालन गरी जनताले नै रोजेको योजनालाई नीति तथा कार्यक्रममा समावेश गरेको छु। त्यसै गरी **युवाहरुलाई हौसला र प्रोत्साहन, ज्येष्ठ नागरिक र अशक्तलाई सुरक्षा र सम्मान** भन्ने नीतिसमेत तय गरेको छु। सभा सदस्यज्यूहरुलाई अवगत भएको विषय हो जनताको विकास निर्माणको अपेक्षा र समस्या असिमित छन् तर श्रोत र साधन सिमित छन्। तथापि नगरपालिकाको दीगो विकास, सुशासन, पारदर्शीता र जनउत्तरदायी सेवा प्रवाहलाई केन्द्रमा राख्दै शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सडक, सिँचाई, बजार व्यवस्थापन, पूर्वाधार निर्माण, विद्युतीकरण, रोजगारी सृजना तथा सामाजिक सुरक्षाजस्ता क्षेत्रलाई प्राथमिकतामा राख्दै समावेशी र सन्तुलित नीति निर्माण गर्ने प्रयास गरेको छु। नीति तथा कार्यक्रमलाई

समुचित कार्यान्वयन गर्न निर्वाचित जनप्रनिनिधिज्यूहरु, कर्मचारी साथीहरु, आम जनसमुदाय र सचेत नागरिकको सकृय सहभागिता, रचनात्मक सुझाव र सहकार्यको अपेक्षासमेत गर्दछु ।

**सभा सदस्यज्यूहरु,**

अब म यस नगरपालिकाको आ. व. २०८३/०८४ को नीति तथा कार्यक्रमलाई यस सम्मानित नगर सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु-

प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा निम्न आधारहरु लिएको छु-

- नेपालको संविधानले व्यवस्था गरेको मौलिक हक, अनुसूची ८ ले व्यवस्था गरेको एकल अधिकार र अनुसूची ९ ले निर्दिष्ट गरेका साझा अधिकारहरु ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ।
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ ।
- स्थानीय तहको निर्वाचनको क्रममा हामीले जनताका बीचमा गरेका बाचा तथा प्रतिवद्धताहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधान ।
- चौदण्डीगढी नगरपालिकाको ५ वर्षे आवधिक योजना ।
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) ।
- सरोकारवालाहरुबाट प्राप्त राय/सुझावहरु ।
- नेपाल सरकारको सोह्रौँ आवधिक योजना ।
- बिगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट पारित भएका निर्णयहरु ।
- सङ्घीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम ।
- टोल विकास संस्थाको सुझाव र मागको आधार ।
- स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय/सल्लाह र सुझावहरु ।
- लेखापरीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रममा प्राप्त सुझावहरु ।

**मुख्य नीतिहरू**

१. खानेपानी वर्ष अभियानमार्फत् स्वच्छ र सुरक्षित खानेपानीमा सबै नागरिकको पहुँच विस्तार गरिने छ ।
२. **एक टोल विकास-एक योजना** सुनिश्चित गर्ने गरिने छ ।
३. दिगो भौतिक पूर्वाधार निर्माणलाई निरन्तरता दिँदै व्यवस्थित बजारीकरण गर्दै लगिने छ ।
४. कृषि, पर्यटन, उद्योग र उद्यमशीलतामार्फत् जनताको जीवनस्तर उकास्ने तथा रोजगारी सृजना गर्दै लगिने छ ।
५. प्राकृतिक श्रोत साधनको आम्दानी, प्रभावित क्षेत्रमा **५०%** लगानी गर्दै लगिने छ ।
६. आधारभूत स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउँदै लगिने छ ।
७. सामुदायिक विद्यालयको थप शैक्षिक गुणस्तर उकास्दै नगर क्षेत्रभित्र सञ्चालित क्याम्पसहरुको सर्वाङ्गीण विकास गरिने छ ।
८. नगरपालिका क्षेत्रभित्रका ऐलानी पर्ति जग्गालाई आवश्यक प्रकृया पूरा गरी भोगाधिकार प्रमाण पूर्जा उपलब्ध गराउनुको साथै लालपूर्जा प्राप्त गर्न पहल गरिने छ ।
९. स्थानीय धर्म, संस्कृति, भाषा र कलाको पहिचान र संरक्षण गर्दै लगिने छ ।
१०. सिप सम्मेलनको आयोजना गरी विभिन्न किसिमका ज्ञान, सिप तथा तालिममार्फत् योग्य युवा जनशक्ति तयार गरिने छ ।

११. महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, मुसहर तथा विपन्न वर्गको संरक्षण र सशक्तीकरण गर्दै लगिने छ ।
१२. वातावरण संरक्षण, विपद् व्यस्थापन र जलवायु अनुकुल आवश्यक विकास, पूर्वतयारी र क्षति न्यूनीकरण गर्ने नीति अवलम्बन गरिने छ ।
१३. सुशासन, पारदर्शीता र जनउत्तरदायी सेवा प्रवाहलाई प्राथमिकता दिन सबै किसिमका कर्मचारीहरुको समयानुकूल क्षमता विकास, ज्ञान, सिप र आवश्यक सेवा सुविधा वृद्धि गरिँदै लगिने छ ।

**नीति तथा कार्यक्रमका उद्देश्यहरुः**

जनताको जनजीवनलाई सहज र सरल बनाउँदै, समग्र विकास, सुशासन र जीवनस्तरमा सुधार गर्नुको साथै आर्थिक, सामाजिक, भौतिक तथा मानव विकासलाई समेटेर नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्नु, रोजगारी सृजना गर्नु र सुरक्षित महशुस गराई समृद्ध नगर निर्माण गर्नु नै मुख्य उद्देश्य रहेको छ ।

**प्रस्तुत बजेट, नीति तथा कार्यक्रमका प्राथमिकताहरु देहाय अनुसार रहेका छन् -**

१. स्वच्छ खानेपानी तथा सरसफाई सेवाको विस्तार र गुणस्तर सुधार ।
२. सडक, पुल, भवन तथा अन्य भौतिक पूर्वाधारको दिगो विकास ।
३. शिक्षा, स्वास्थ्य तथा मानव विकास क्षेत्रको सुदृढीकरण ।
४. कृषि, पशुपालन, सिँचाई तथा उत्पादनमुखी कार्यक्रममार्फत् स्थानीय अर्थतन्त्रको प्रवर्द्धन ।
५. युवा स्वरोजगार, सिप विकास तथा रोजगार सिर्जनालाई प्राथमिकता ।
६. विद्युतिकरण, सूचना प्रविधि तथा सञ्चार सेवाको विस्तार ।
७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, फरक क्षमता भएका व्यक्ति तथा विपन्न समुदायको संरक्षण र सशक्तीकरण ।
८. विपद् व्यवस्थापन, नदी नियन्त्रण तथा वातावरण संरक्षण कार्यक्रम सञ्चालन ।
९. खेलकुद, कला, संस्कृति तथा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन ।
१०. सुशासन, पारदर्शीता, वित्तीय अनुशासन तथा प्रभावकारी सेवा प्रवाहमा जोड ।

**सम्मानित सभाका सभा सदस्यज्यूहरु,**

अब म यस नगरपालिकाको आ. व. २०८३/०८४ को प्रस्तावित नीति प्रस्तुत गर्ने अनुमति चाहान्छुः

**१. आर्थिक विकास क्षेत्रतर्फ**

**१.१ कृषि तथा पशुपंक्षी विकाससम्बन्धी नीतिः**

- अर्गानिक खेतीबालीमा जोड दिँदै रैथाने बीउ विजन र बालीको संरक्षण गरिने छ साथै मल, प्रविधि तथा सिँचाईको सहजीकरण गर्दै कृषि उपजको निमित्त आवश्यक बजारिकरणको सम्भावना खोजिने छ ।
- अन्न बाली, नगदे बाली र फलफूल खेतीहरुलाई पकेट जोन, सुपर जोन र पकेट क्षेत्रहरुको रुपमा विकास र विस्तार गरिँदै लगिने छ ।
- पशु स्वास्थ्य सेवा, गोठ सुधार, खोप तथा प्राविधिक सेवाको पहुँच गाउँस्तरसम्म विस्तार गरिने छ ।
- पशुपंक्षी, माछापालन साथै मौरी पालनलाई प्राथमिकता दिई आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- सामुदायिक वनहरुसँग सहकार्य गर्दै चरण क्षेत्र, घाँस उत्पादन क्षेत्र विकास गरी पशुपालन व्यवसायलाई प्रोत्साहन दिँदै मासु र दुध उत्पादनमा नगरलाई आत्मनिर्भर बनाइने छ ।

- ५० प्रतशित अनुदानमा कृषकहरुलाई विभिन्न क्षमताका सिँचाइ मोटर, प्लाष्टिक टनेल, स्प्रे ट्याङ्किलगायतका सामाग्री बितरण गरिने छ ।

**१.२ पर्यटनसम्बन्धी नीतिः**

- यस नगरपालिकाको वडा नम्बर १ मा अवस्थित ऐतिहासिक चौदण्डीगढी दरबारको संरक्षण र विकास गर्नका लागि नगरपालिकाबाट स्वीकृत भएको बिस्तृत परियोजना प्रतिवेदन (DPR)मा उल्लेख भएको संरचना तयार गर्नका लागि प्रदेश सरकार र सङ्घीय सरकारसमक्ष आवश्यक बजेट माग गरिने छ ।
- ऐतिहासिक, धार्मिक र नगर क्षेत्रभित्र रहेका सौन्दर्य स्थलहरु, पिकनिक स्पोटहरुको आवश्यक विकास, विस्तार, आवतजावतमा सहजीकरण गरी प्रचार प्रसारको माध्यमद्वारा आन्तरिक तथा बाह्य पर्यटक भित्राई नगरको पर्यटन क्षेत्रको विकास गरिने छ ।
- पर्यटन क्षेत्रको विकासको निमित्त प्रदेश र सङ्घीय सरकारसँग समन्वय, सहकार्य र आवश्यक माग गरिने छ ।

**१.३ सहकारीसम्बन्धी नीतिः**

- सहकारीलाई थप व्यवस्थित तथा नियमन गर्दै कृषि, पशुपालन, महिला, युवा तथा लक्षित वर्गको जीवनस्तर उकास्ने गरी कार्यक्रम गर्नलाई प्रोत्साहन गर्न नीति लिइने छ ।
- साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन गरी युवाहरूलाई स्वरोजगार बनाइने छ ।
- नगरपालिका क्षेत्रभित्र कार्यक्षेत्र भएका तर अनुगमनका क्रममा समस्याग्रस्त देखिएका सहकारीहरुलाई प्रचलित कानुन वमोजिम खारेजी र आवश्यकताका आधारमा अन्य सहकारीहरुलाई गभ्दै लगिने छ ।

**१.४ सिँचाईसम्बन्धी नीतिः**

- भूगोलको आवश्यकता र सम्भाव्यता हेरी कुलो, पैनी, नहर, डिप बोरिङ, स्यालो ट्युवेल, इनार, पोखरी तथा भूमिगत पानीबाट सिँचाईको प्रवन्ध मिलाई कृषि उत्पादनमा वृद्धि गर्ने र कृषकहरुलाई स्वाबलम्बी बनाइने नीति लिँदै ठूला तथा महत्त्वपूर्ण सिँचाई आयोजनाको निमित्त सङ्घ, प्रदेश र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरुसँग समन्वय र साझेदारी गर्दै लगिने छ ।

**१.५ वन तथा वातावरणसम्बन्धी नीतिः**

- वन क्षेत्रभित्र रहेका वन पैदावर, सिमसार क्षेत्रहरु, खनिज पदार्थहरु, जडिबुटिहरु तथा दुर्लभ वन्यजन्तुहरुको संरक्षण र सम्वर्द्धन गर्दै वन अतिक्रमण रोक्ने, आगलागी नियन्त्रण गरी वातावरणलाई स्वच्छ, सफा राख्न विभिन्न सामुदायिक वन समितिहरुसँग र सम्बन्धित निकायहरुसँग सहकार्य र समन्वय गरिने छ ।
- नगरका मुख्य सडक क्षेत्र, बजार क्षेत्रहरुमा बोटविरुवा तथा आकर्षक फूलहरु लगाई सुन्दर र हरियाली नगर बनाउन जोड दिइने छ ।
- प्रदेश सरकारको नीति अनुरुप वन क्षेत्रका प्राकृतिक स्रोत साधनलाई व्यवस्थित रुपमा उत्खनन् गरी नगरपालिकाको आर्थिक आम्दानी बढाइने छ ।

**१.६ भूमिसम्बन्धी नीतिः**

- नगरपालिका क्षेत्रभित्र भूमीसम्बन्धी ऐन, २०२१ (संशोधित) अनुसार २०७६ साल माघ २८ गतेभन्दा अगाडीदेखि ऐलानी पर्ति जग्गामा बसोबास तथा भोगचास गर्दै आएका नगरबासीहरुलाई आवश्यक प्रकृया पूरा गरी नगरपालिकाले भोगाधिकार प्रमाण पूर्जा उपलब्ध गराउने छ र लालपुर्जा प्राप्तिको निमित्त सम्बन्धित निकायमा आवश्यक सहजीकरण र पहलकदमी अगाडी बढाइने छ ।
- भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको पहिचान गरी यथाशिघ्र कानुनी प्रकृया पुऱ्याई व्यवस्थित गरिने छ ।

- मदन भण्डारी राजमार्गको दायाँ बायाँ नापी क्षेत्रभित्र रहेका आसपासका घर, जग्गा तथा टहराहरुको नेपाल सरकारसँग उचित क्षतपूर्ति दिलाउन पहल गरिने छ ।

**२. सामाजिक विकास क्षेत्रतर्फ**

**२.१ शिक्षासम्बन्धी नीतिः**

- **नगरपालिकाको ध्यान, विद्यार्थीलाई ज्ञान** नारा अनुरुप विभिन्न कार्यक्रम गरिने छ ।
- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिको निमित्त प्र. अ. र शिक्षकहरुसँग कार्यसम्पादन करार सम्झौता अगाडी बढाइने छ ।
- विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकालाई १००% विद्यालय भर्ना गरिने छ ।
- गरिब, जेहेन्दार तथा विपन्न विद्यार्थी लक्षित छात्रावृत्ति कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।
- विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावकसँग सहकार्य गर्दै ECD देखि +२ सम्म र नगरका दुई ठूला क्याम्पसहरु समेतको थप सुधार गर्दै जाने नीति लिएको छु ।
- नगर क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालय र क्याम्पसहरुको रेखदेख, अनुगमन, नियमन र नियन्त्रण गरी चुस्त दुरुस्त पार्दै शैक्षिक गुणस्तरीयता बढाइने छ ।
- शैक्षिक क्षेत्रका ठूला भौतिक पूर्वाधारहरु (विद्यालय भवन, चमेना गृह, पुस्तकालय, पार्किङ, ल्याव भवन) निर्माणको निमित्त सङ्घ, प्रदेश र सम्बन्धित निकायहरुसँग योजना मागको पहलकदमी र साझेदारी गरिने छ ।
- संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई समयानुकूल तलब भत्ता तथा सेवा सुविधामा आवश्यकता हेरी समायोजन गरिनेछ ।

**२.२ जनस्वास्थ्य तथा पोषणसम्बन्धी नीतिः**

- क्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाई नगर क्षेत्रभित्रका सबै बालबालिकालाई स्वस्थ र पोषित बनाइने छ ।
- HIV सङ्क्रमित व्यक्तिहरुलाई हेल्प डेस्क राखी जीवनयापन सहज, सरल र उत्साहजनक बनाइने छ ।
- प्रतिष्ठित अस्पतालहरु र चिकित्सकसँग सहकार्य गर्दै विभिन्न स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरी नगरबासीहरुलाई लाभान्वित गर्दै लगिने छ ।
- विपन्न, गरिब वर्गहरुलाई स्वास्थ्य उपचार आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- अशक्त, ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मी घरदैलो मै पठाई स्वास्थ्य परीक्षण तथा आवश्यक सेवा प्रदान गरिने छ ।
- **मातृ शिशु स्वास्थ्य सुरक्षा** कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै नगर क्षेत्र भित्रका सम्पूर्ण बालबालिकाहरूलाई पूर्ण रूपमा खोपको पहुँचमा पुर्‍याइने छ ।
- नगर क्षेत्र भित्रका सरकारी अस्पताल र स्वास्थ्य संस्थाहरूलाई व्यवस्थित गर्दै लैजाने र आवश्यक ठूला भौतिक पूर्वाधार, प्रविधि तथा दक्ष जनशक्ति व्यवस्थापनका लागि सङ्घ, प्रदेश र सम्बन्धित निकायहरुमा आवश्यक माग र साझेदारी गरिने छ ।

**२.३ खानेपानी तथा सरसफाईसम्बन्धी नीतिः**

- नगर क्षेत्रभित्रका खानेपानीको असुविधा भएका टोल वस्तीमा स्वच्छ खानेपानीको पहुँच पुर्याउने नीति लिइनेछ ।
- पुराना सञ्चालनमा रहेका सम्पूर्ण खानेपानीका मुहानको सरसफाई तथा संरक्षण गरिने छ ।
- सङ्घ, प्रदेश र अन्य निकायसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिने छ ।
- फोहोरमैला व्यवस्थापनका लागि उचित डम्पिङ साइटको पहिचान र व्यवस्थापन गर्न सम्बन्धित निकायसँग साझेदारी गरी स्थायी समाधान खोजिने छ ।

Sangam®

२.४ युवा तथा खेलकुद सम्बन्धी नीतिः

- नगर क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण खेलहरु, खेलाडीहरु र खेलमैदानको स्तरोन्नती गर्ने, क्षमता अभिवृद्धि गर्ने, आवश्यक खेल सामग्री उपलब्ध गराउने र खेलाडीलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गरी राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा प्रतिष्पर्धा गर्न योग्य खेलाडी तयार गरिने छ ।
- विभिन्न विधाका खेलमा खेलाडी सहभागी गराउन प्रबन्ध मिलाइने छ ।

२.५ सामाजिक सुरक्षासम्बन्धी नीतिः

- वैदेशिक रोजगारमा गई ज्यान गुमाएका परिवारलाई वर्षमा एक पटक चाडपर्व खर्च उपलब्ध गराइने छ साथै अन्य नगरस्तरीय सेवामा जोडिने छ ।
- नगरभित्र सामाजिक न्याय, समावेशीकरण र समान अवसर सुनिश्चित गर्दै लगिने छ ।
- अति विपन्न, मुसहर समुदायहरुलाई वर्षमा एक पटक चाडपर्व खर्च उपलब्ध गराई अन्य सेवा अवसर प्रदान गरिने छ ।
- नगर क्षेत्रभित्र सञ्चालित तीन पाङ्ग्रे सवारी साधन (ट्याम्पु, मोपेट, सिटि सफारी) हरुको अभिलेख, सुरक्षा र आवश्यक सहयोगको निमित्त नगरपालिकामा दर्ता गर्ने प्रकृया अगाडि बढाइने छ ।
- विभिन्न जातजातिको धर्म, संस्कृति, संस्कार र परम्परालाई जगेर्ना गर्दै आवश्यक सहयोग उपलब्ध गरिनुको साथै विभिन्न धार्मिक गुरु र लोप हुन लागेका परम्पराहरुको संरक्षण र सम्वर्द्धन गरिने छ ।

२.६ महिला बालबालिका तथा ज्येष्ठ नागरिकसमबन्धी नीतिः

- नगर क्षेत्रभित्रका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको अधिकार संरक्षण, सशक्तिकरण र सामाजिक सुरक्षा र सर्वाङ्गीण विकास, क्षमता अभिवृद्धि र सेवा प्रवाहमा सहजता र पहुँच पुऱ्याउँदै चेतनामुलक तथा आय आर्जनमुलक कार्यक्रम सञ्चालन गर्ने र विभिन्न सङ्घ संस्था र निकायहरुसँग सहकार्य गर्दै लगिने छ ।
- यस नगरपालिकालाई मिति २०८४ माघ मसान्तभित्रमा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बनाउने प्रतिवद्दता जाहेर गरि सकिएको हुँदा बालमैत्री (CFLG)को सबै ५१ वटा सूचकहरु पूरा गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वायन गरिने छ ।

३. भौतिक पूर्वाधार विकास क्षेत्रतर्फः

३.१ स्थानीय भौतिक पूर्वाधार विकाससम्बन्धी नीति

- आ. व. २०८३/०८४ लाई **खानेपानी वर्ष**का रूपमा अगाडि बढाइने छ । खानेपानी वर्ष मनाउनका लागि आवश्यक पाइप, ट्यूबेल, इनारलगायतका संरचना निर्माण गर्नका लागि बजेट बिनियोजन गरिने छ ।
- नगरका अन्तर वडा र अन्तर टोललाई जोड्ने सडक, कल्भर्ट, सिँचाई तथा खानेपानी तथा भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेर काम गरिने छ ।
- निर्माणाधीन वडा कार्यालय, स्वास्थ्य संस्था तथा अन्य निर्माणका कार्यलाई क्रमश अगाडी बढाइने छ ।
- नगर सभाबाट विनियोजित भई स्वीकृत भएका **१५ लाख माथिका** सबै पूर्वधारका योजना तथा कार्यक्रमलाई ठेक्का प्रकृयामार्फत् सञ्चालन गरिने छ तथा कतिपय योजनाहरुको जटिलता हेरेर सोभन्दा कम बजेटका योजनालाई समेत ठेक्का लगाई काम गर्न सकिने छ ।
- भौतिक संरचनाका ठूला योजनाहरुको दिगो र गुणस्तरीय विकास तथा निर्माण गर्नको निमित्त सङ्घ, प्रदेश र साझेदार निकायहरुसँग सहकार्य गर्दै अगाडी बढिने छ ।

- नगर क्षेत्रभित्रका बजारहरुलाई थप आर्थिक चलायमान बनाउन छिमेकी जिल्ला तथा त्रियुगा नदी पारीका वडाहरुको आवतजावतलाई सहजीकरण गर्नका लागि आवश्यक भौतिक पूर्वाधार तयार गरिने छ ।
- ग्रामीण सडकहरुको ग्राभेल, विद्युत विस्तारिकरण, सडक बत्ती तथा मुख्य चोकहरुमा भ्यापर लाइट, सि.सि. क्यामेराहरु जडान गर्ने तथा पानीको निकासाका निमित्त सडक बाटोमा आवश्यक ह्युम पाइपको व्यवस्था गरिने छ ।
- आगामी आर्थिक वर्ष २०८३/०८४ मा समेत अपूरो सडकहरुमा उच्चस्तरीय ग्राभेल लगाउने कार्यहरुलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।

**३.२ भवन तथा सहरी विकाससम्बन्धी नीतिः**

- नगर क्षेत्रभित्रका गरिब तथा विपन्न नागरिकलाई भवन तथा संरचना निर्माण सामग्री ढुङ्गा, गिट्टि, माटो, बालुवामा राजश्व शुन्य गरिने छ, अन्य स्थानीय बासीको हकमा **७०% राजश्व छुट** गरिनेछ र जन्म संस्कार, मृत्यु संस्कारका संरचना निर्माणका कार्यमा पूर्णरुपमा राजश्व छुट गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेका सम्पूर्ण व्यवसायिक क्षेत्र तथा बजारलाई सुरक्षित व्यवस्थित, वातावरणमैत्री र योजनावद्द रुपमा भवन निर्माण तथा सहरी पूर्वाधारको विकास विस्तार गर्दै लगिने छ ।

**४. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ**

**४.१ सूचना प्रविधि तथा सञ्चारसम्बन्धी नीतिः**

- नगरपालिकाले सञ्चालन गर्ने हरेक कार्यक्रमहरुको सूचना सरल, सहज र प्रभावकारी ढङ्गले आम नागरिकको पहुँचमा पुग्ने गरी स्थानीय पत्रपत्रिका, रेडियो, सामाजिक सञ्जाल लगायत सञ्चारका प्रविधिमार्फत् नगरपालिकाका गतिविधिहरूको जानकारी गराई सुशासन, पारदर्शीता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।
- व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा कार्यक्रमलाई लक्षित वर्गको जानकारी र पहुँचमा पुर्याइने छ ।
- नेपाल पत्रकार महासङ्घसँग सहकार्य गरी विविध रचनात्मक कार्य गरिने छ ।

**४.२ आय-आर्जन तथा रोजगारीसम्बन्धी नीतिः**

- गरिबी निवारण र रोजगारी सृजना गर्ने उद्देश्यले नगरपालिकामा सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरुमार्फत् उद्यमशीलता विकास, सीपमुलक तालिम, क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गर्दै रोजगारीको क्षेत्रहरु पहिचान गरी आवश्यक ज्ञान, प्रविधि उपलब्ध गराई दक्ष जनशक्ति तयार गरिने छ ।
- **सिप सम्मेलन** सञ्चालन गरी विभिन्न उमेर समूहका युवाहरुलाई सिप सिकाई गुणस्तरीय जनशक्ति उत्पादन गरिने छ ।
- नेपालको संविधान, २०७२ को धारा २३२ (१) बमोजिम प्रदेश सरकार तथा सङ्घ सरकारसँग समन्वय सहकार्य गर्दै विभिन्न आय आर्जनका कार्यक्रम अगाडी बढाइने छ ।
- स्थानीय स्रोत साधन र सम्भाव्यतामा आधारित पेशा तथा व्यवसायमा, आम नागरिकलाई जोड्न प्रोत्साहन गर्दै स्वरोजगार बनाइने छ ।

**४.३ जनतासँग उपमेयर कार्यक्रमसम्बन्धी नीतिः**

- जनतासँग उपमेयर कार्यक्रम सञ्चालन गरिने छ ।
- कार्यपालिकासँग टोल विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- जनताका आवश्यकता हेरी आवश्यक पूर्वाधारका कामहरु तथा आपतकालीन सहयोगहरु, अति विपन्न, सुत्केरी महिला तथा शिशुहरुलाई आवश्यक सहयोग तथा पोषणका सामग्रीहरु लगायत अन्य आवश्यक कामहरु गरिने छ ।

### ४.४ विपद् व्यवस्थापनसम्बन्धी नीतिः

- नगर क्षेत्रभित्र हुने प्राकृतिक तथा मानव श्रृजित सबै किसिमको विपद् तथा जोखिम र भईपरी आउने घटनाको न्यूनीकरण तथा राहत,उद्दार र सुरक्षाको निमित्त विपद् कोष खडा गरिने छ । आवश्यक पूर्व तयारीका सामग्रीहरुको खरिद गरिने छ ।
- तत्काल उद्दार, राहत र पुनःस्थापनामार्फत् जनधनको सुरक्षा सुनिश्चित गर्न स्थानीय प्रशासन, जिल्लाका निकायहरुसँग सहकार्य गर्दै लगिने छ ।
- खोला-नाला र जलजन्य विपद्लाई न्यूनीकरण गर्न नदीजन्य पदार्थको उत्खनन् तथा विक्रिबाट प्राप्त आयलाई प्रभावित क्षेत्र मै प्राथमिकता दिएर काम गरिने छ ।
- आगलागीबाट हुने क्षति, वन्यजन्तुबाट हुने क्षतिहरुको न्यूनीकरण गर्न आवश्यक चेतनामूलक र सहयोगको कार्यक्रमहरु सञ्चालन गरिने छ ।

### ४.५ गैर सरकारी संस्थासम्बन्धी नीतिः

- नगरपालिका क्षेत्रभित्र विभिन्न काम गर्ने गैर सरकारी संस्था,सामुदायिक संस्था तथा सामाजिक संस्थाले नगरपालिकामा अनिवार्य रुपमा सूचीकृत गरी कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

## ५. कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फः

### ५.१ स्थानीय शासनसम्बन्धी नीतिः

- नगरपालिकाको शासन व्यवस्थालाई थप सुदृढीकरण गर्न सबै क्षेत्र र वर्गहरुसँग आवश्यक सुझाव तथा सल्लाह लिएको छु ।
- दक्ष र आवश्यक प्रविधि तथा जनशक्तिहरुको व्यवस्थापन गरिने छ ।
- बालबालिका, ज्येष्ठ नागरिक तथा फरक क्षमतामैत्री स्थानीय कानूनको थप निर्माण गर्दै लगिने छ ।
- संस्थागत क्षमता अभिवृद्धिको लागि सम्पूर्ण व्यवस्थापकीय कामहरु गरिने छ ।
- बालमैत्री स्थानीय शासन र वातावरणमैत्री स्थानीय शासन सञ्चालन गरिने छ ।
- स्थानीय शासन संस्थागत स्व-मूल्याङ्कन (LGPAS)को सम्पूर्ण सूचकलाई पूरा गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रमहरु तयार गरी तोकिएको कार्यविधिहरु तयार गरिने छ ।

### ५.२ सुशासन तथा सेवा प्रवाहसम्बन्धी नीतिः

- सुशासन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कर्मचारी तथा जनप्रतिनिधिहरुलाई आवश्यक ज्ञान, सिप तालिम र क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी गराई पारदर्शीता, जवाफदेहीता, छिटो छरितो र नागरिकमैत्री सेवा प्रवाह सञ्चालन गर्ने नीति लिएको छु ।
- नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणका कामहरुको चौमासिक सार्वजनिक सुनुवाई तथा बजेटको वार्षिक प्रगति समिक्षा गरिने छ ।
- भूमीहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने भूमी सेवा केन्द्रको कामलाई थप तिव्रता दिँदै लगिने छ ।
- मालपोत र नापी कार्यालय ल्याउने प्रतिवद्धताअनुसार सेवा प्रवाह र नागरिकको सुविधाको निमित्त आवश्यक प्रबन्ध मिलाई जनताको काममा सहजीकरण गरिने छ ।
- नगरका करार कर्मचारी, नगर प्रहरीहरु सबैको क्षमता वृद्धि र तहअनुसारको सेवा सुविधा समायोजन गर्दै लगिने छ ।
- साविकको जिल्ला विकास समिति र साविकको गाउँ विकास समितिबाट समायोजन भइ आएका र यस नगरपालिका स्थापना भएपश्चात् करार सेवामा नियुक्ति भइ लामो समयसम्म करार सेवामा नै कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारको प्रचलित कानुनमा प्रतिकूल नहुने गरी स्थाइ नियुक्तिका लागि प्रक्रिया अगाडी बढाइने छ ।

चौदण्डीगढी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को यस नीति तथा कार्यक्रमले राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्त्वको प्रभावकारी कार्यान्यिन गर्दै जनताको सुशासन, सामाजिक न्याय र समृद्धिको आकाङ्क्षालाई आत्मसात गरेको छ । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नागरिकलाई सुरक्षा, सामाजिक संरक्षण, शिक्षा, स्वास्थ्यजस्ता सेवा सहज रुपमा उपलब्ध भई सामाजिक न्याय कायम गर्न मद्धत गर्ने छ । यसबाट नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आई जनताको विकास र सुशासन प्रतिको उच्च अपेक्षालाई सम्बोधन गर्ने अपेक्षा गरेको छु । नेपाली जनताको ठूलो त्याग, सङ्घर्ष र वलिदानबाट स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण र संवर्द्धन गर्दै लोकतान्तीक र जनउत्तरदायी राजनीतिक व्यवस्थाको माध्यमबाट मुलुकलाई सुशासन र अग्रगमनको दिशामा अघि बढाउन सरकार दृढ सङ्कल्पित छ । संविधान र प्रचलित कानुनले निर्देश गरे बमोजिम राज्यका नीति र दायित्त्वको साथै हाम्रा सङ्कल्प र प्रतिवद्धताहरुको कार्यान्वयन गरी आम नागरिकको सुशासन, विकास र समृद्धिको आकाङ्क्षालाई पूरा गर्न तथा राष्ट्रियस्तरमा यस चौदण्डीगढी नगरपालिकाको सम्मान र प्रतिष्ठा वृद्धि गर्न सरकारले आगामी दिनमा आफ्नो कार्यशैली र कार्य प्रणालीलाई थप जिम्मेवार, चुस्त, नतिजामुखी र नागरिकमैत्री बनाउदै लैगिने छ ।
अन्त्यमा, यस चौदण्डीगढी नगरपालिकाको विकासमा योगदान गर्नुहुने राजनितिक दल, राष्ट्रसेवक, श्रमिक, निजी, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगतलगायत सम्पूर्ण दिदि बहिनी, दाजुभाई तथा आमा बुबाहरुमा हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

**धन्यवाद !**

**कालुमान लामा**
**नगर प्रमुख**
**चौदण्डीगढी नगरपालिका**

२३. प्रस्ताव नम्बर २३ उपर छलफल गर्दा यस नगरपालिकाको कार्यालयमार्फत् प्रेषित पत्रको आधारमा नेपाल सरकारको निर्णयानुसार यस नगरपालिकाबाट नै भूमी प्रशासनको कार्यअन्तर्गत मालपोत र नापी कार्यालयको मिति २०८३ जेष्ठ ११ गतेबाट स्थापना गरी सेवा प्रवाह गर्नु पर्ने भएको हुँदा यस कार्यालयमा कार्यतर तपसील वमोजिमको कर्मचारीहरुलाई क्षमता विकासका लागि आवश्यक रहेको तालिम लिनका लागि सहभागी हुन पठाउने निर्णय गरियो-

**तपसिल**

**मालपोततर्फ**

(क) यग्यराज श्रेष्ठ - भूमी प्रशासन अधिकृत
(ख) बबिराज राई - सहायक भूमी प्रशासन अधिकृत
(ग) आस्मा कार्की - सहायक भूमी प्रशासन अधिकृत
(घ) मनकला राई - सर्भिस डेस्क/मोठ
(ङ) प्रनिल रिजाल - सर्भिस डेस्क/मोठ
(च) सुरेश चौधरी - भू-सेवा
(छ) सिरोज राई - तामेली

**नापीतर्फ**

(क) भारती कुमारी सिंह - सर्भेक्षक
(ख) प्रकाशचन्द्र आचार्य - अमिन
(ग) विशाल आचार्य - अमिन
(घ) ओमप्रसाद लम्साल - अमिन

२४. प्रस्ताव नम्बर २४ उपर छलफल गर्दा यस नगरपालिकाअन्तर्गत रहेको चौदण्डीगढी नगर अस्पतालमा रिक्त रहेको १ जना **मेडिकल अधिकृत** र **फार्मेसी सहायक** पदमा करार सेवाअन्तर्गत पदपूर्ती गर्नका लागि **१५ दिन**को समय राखेर सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**२५. बचत रकममार्फत् थप कार्य गर्ने सम्बन्धमा**

- ✓ प्रदेश सरकारमार्फत् चालू आर्थिक वर्ष २०८२/०८३ का लागि यस नगरपालिकाको वडा नम्बर ८ मा **आमा समूहको अधुरो भवन निर्माण** गर्नका लागि **रु. २०,००,०००/-** प्राप्त भएको थियो । सो बजेटबाट भवन निर्माण गर्नका लागि ठेक्का बन्दोबस्त गरी बाँकी रहन गएको **रु. ५५०,०००/-** बाट सोही भवनमा अन्य कार्य गर्नका लागि माग भइ आएको हुँदा माग निवेदनअनुसार सोही भवनको बाँकी कार्य र आवश्यक फर्निचर खरिद गर्ने गराउने निर्णय गरियो ।

- ✓ प्रदेश सरकारमार्फत् चालू आर्थिक वर्ष २०८२/०८३ का लागि यस नगरपालिकाको वडा नम्बर ३ मा **बदेल पानी खेलमैदान निर्माण** गर्नका लागि **रु. २५,००,०००/-** प्राप्त भएको थियो । सो बजेटबाट भवन निर्माण गर्नका लागि ठेक्का बन्दोबस्त गरी बाँकी रहन गएको **रु. ८००,०००/-** बाट सोही खेल मैदान निर्माण गर्नका लागि आवश्यक रहेको तार जाली र माटो भर्ने कार्य गर्नका लागि माग भइ आएको हुँदा माग निवेदनअनुसारको कार्य गर्ने गराउने निर्णय गरियो ।

२६. प्रस्ताव नं. २६ माथि छलफल गर्दा यस नगरपालिकाको तपसिल वमोजिम बिबरण रहेको व्यक्तिको निजी नाममा दर्ता कायम रहेको जग्गालाई खेतीयोग्य जग्गामा परिणत गर्ने क्रममा निस्कने ग्रावेल, ढुङ्गा, गिट्टी तथा अन्य निर्माण सामग्रीलाई बेचविखन गर्न सकिने कानूनी व्यवस्था कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२को अनूसूची-६ मा रहेको छ । उल्लिखित व्यवस्था वमोजिम तपसिल वमोजिमका व्यक्तिहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२, वातावरण संरक्षण नियमावली २०७७ को दफा ७ को उपदफा ५ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको खण्ड (क) अन्तर्गत पर्ने अनुसूची -१० वमोजिम तयार भइ पेश हुन आएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन (IEE)लाई स्वीकृत गर्ने निर्णय गरियो-

प्रस्तावकको नाम **: काब्या एण्ड कन्स्ट्रक्सन एण्ड सप्लायर्स, श्री मनन ट्रेड एण्ड सप्लायर्स प्रा. लि., बसाहा निर्माण सेवा ।**

| क्र.सं. | वडा नम्बर | जग्गाधनीको नाम | कित्ता नम्बर | B.E.S/EE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.वि | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ९५% (मि ²) | औसत गहिराई (मी.) | मौजुदा परिमाण/ वर्ष (घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको ७०% (घ.मी.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ३ | उत्तरमाया राई | ६ क १०० | १-१०-०.७५ | ज.बि. | २०३१.७८ | २ | ३२५०.८५ | ग्राभेल | १६२५.४२ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण बमोजिम दैनिक उत्खनन् गर्न सकिने परिमाण रहेको छ । उत्खननका लागि राजश्व शाखामा १६२५.४२ घनमिटरको नियमानुसार राजश्व दाखिला गरेपश्चात उत्खनन् अनुमति प्रदान गर्ने निर्णय गरियो ।

२७. यस **नगरपालिकाभित्र रहेका १६ बर्षदेखि ३० वर्ष उमेर समूहका ३० जना युवा युवतीहरुलाई २१ दिनको कफि बनाउने बारिस्ता तालिम**को माग आएको हुँदा **मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम** शीर्षकबाट **५००,०००।– (पाँच लाख)** बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

२८. प्रस्ताव नं. २८ माथि छलफल गर्दा यस नगरपालिकाको स्वीकृत दरबन्दीअनुसार रिक्त रहेको सहायक कम्प्यूटर अपरेटरमा पदपूर्तीका लागि विज्ञापन आह्वान गर्दा कुनै पनि उम्मेद्वार छनोट हुन नसकेको हुँदा कार्यालयको सेवा प्रवाहमा कठिनाइ रहेकोले अर्को व्यवस्था नभएसम्मका लागि यस नगरपालिकाको वडा नम्बर ६ निवासी **श्री मादप कुमार खड्का**लाई दैनिक **रु. १०५०/-** का दरले पारिश्रमिक उपलब्ध गराउने गरी नियुक्ति गरी कामकाजमा लगाउने निर्णय गरियो ।

२९. प्रस्ताव नं. २९ माथि छलफल गर्दा यस नगरपालिका मातहतको १५ शैय्याको नगरअस्पताल भवन निर्माणाधिन रहेको हुँदा यस नगरपालिकामा कर्यरत जनशक्त अपर्याप्त रहेकाले सो निर्माणाधिन भवनको बिस्तृत रुपमा अध्ययन गरी निर्माणाधिन भवन कार्यालयबाट स्वीकृत ड्रइङ, डिजाइनअनुसार भए नभएको, के-कति रकम भुक्तानी कुन प्रकृयाले भएको छ, बाँकी निर्माणका कार्यहरु स्वीकृत ड्रइङ-डीजाइनअनुसार नै गराउनका लागि सम्पूर्ण प्राविधिक परामर्श उपलब्ध गराउनका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) मा

भएको व्यवस्था वमोजिम त्रियुगा नगरपालिका निवासी इञ्जिनियर बिशाल श्रेष्ठलाई १ वर्षका लागि करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो ।

३०. प्रस्ताव नं. ३० माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडाबाट तपसिल वमोजिमको योजनाहरु सञ्चालनका लागि माग भइ हुँदा आयोजना व्यावस्थापन शीर्षक (कन्टेन्जेन्सी)बाट भुक्तानी दिने गरी प्राविधिक लागतअनुमानको आधारमा सञ्चालन गर्ने निर्णय गरियो-

**तपसिल**

(क) स्कूलबारी टोलमा रहेको खोलामा तटबन्ध तथा कल्भर्ट मर्मत, वडा नम्बर ३ रु. ३००,०००/-
(ख) सुमन आमाको घरबाट भोटाङ्गेको घर जाने बाटो स्तरोन्नती, वडा नम्बर ३ । रु. ३००,०००/-
(ग) पारिजात घुम्ती टोल लामाखोला नदी नियन्त्रण, वडा नम्बर ४, रु. ४००,०००/-
(घ) थापा टोल नदी नियन्त्रण, वडा नम्बर रु. ५००,०००/-

३१. प्रस्ताव नं. ३१ उपर छलफल गर्दा स्थानीय तहबाट भूमी व्यवस्थापनसम्बन्धी सेवा प्रवाह गर्ने सन्दर्भमा भूमी व्यवस्थापनसम्बन्धी सेवा प्रवाह गर्न तपसिल बमोजिमका मानव श्रोत आवश्यक पर्ने भएकाले आगामी नगरसभाबाट अनुमोदन हुने गरी दरबन्दी कायम गर्ने सर्वसम्मतिबाट निर्णय गरियो-

**तपसिलः**

| क्र. सं. | पद | सङ्ख्या |
|---|---|---|
| १. | प्रशासन तर्फको अधिकृत छैटौं/सातौं/आठौं | १ जना |
| २. | नापी अधिकृत/सर्भेक्षक | १ जना |
| ३. | सर्भेक्षक | १ जना |
| ४. | अमिन | ३ जना |
| ५. | प्रशासनतर्फको पाँचौ तह | ४ जना |
| ६. | कम्प्युटर अपरेटर/सहायक कम्प्यूटर अपरेटर | २ जना |
| ७. | कार्यालय सहयोगी | २ जना |

३२. प्रस्ताव नं. ३२ उपर छलफल आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रमअनुसार ठेक्का **04/SQ/CGM/082/083, Construction of Ward Number 9 Ajgara Dhalan Sadak Nirman** कार्यका लागि सार्वजनिक खरिद कार्यका लागि सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ ले गरेको व्यवस्था वमोजिम सम्पूर्ण खरिद प्रक्रिया पूरा गरी कार्यादेश दिइएको थियो । सम्झौताअनुसारको निर्माण कार्य गर्ने क्रममा महत्वपूर्ण कार्यहरु सुरु स्टमेटमा छुट हुन भएको र सो कार्य नगर्दा सडक निर्माणको कार्य अपूरो रहन गई यातायत आवगमनमा समस्या पर्न जाने देखिएकाले कार्यालबाट भेरिएशन आदेश जारी गरी बाँकी कार्य गर्ने गराउने निर्णय गरिएको थियो । सो क्रममा कूल लागतमा १८.०७ प्रतिशतले बढी भेरिएशन जारी गर्नु पर्ने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा भएको व्यवस्था वमोजिम भेरिएशन आदेश जारी गर्ने निर्णय गरियो ।